आज मिति २०८२ साल असोज १२ गते भीरकोट नगरपालिकाका नगरप्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १३१ औं नगर कार्यपालिका बैठक देयाहबमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपालिका सदस्य | |
| श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| श्री बिन्दु खड्का | कार्यपालिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यपालिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | |
|---|---|---|
| श्री सिताराम खनाल | प्रशासकीय अधिकृत | |
| श्री याम प्रसाद रेग्मी | योजना अधिकृत | |

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# मिति २०८२।०६।१२ गतेको १३१ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १

भीरकोट नगरकार्यपालिकाको बैठकबाट हालसम्मको अवधिमा भएका निर्णयको समिक्षा गरियो । कार्यपालिकाबाट भएका निर्णयहरुको कार्यान्वयन सन्तोषजनक भएको पाइयो ।

निर्णय नं २

भीरकोट नगरपालिका अन्तर्गतको आँधिखोलाको विभिन्न घाटहरुको श्री प्लाटफर्म इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., नयाँबानेश्वर, काठमाडौले तयार पारी पेश गरेको नदीजन्य पदार्थको देहायबमोजिमको अद्यावधिक IEE प्रतिवेदन स्वीकृत गर्ने ।

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

तपसिल

आँधिखोलाको बगर क्षेत्रहरुमा भएको नदिजन्य पदार्थको अद्यावधिक प्रतिवेदन, उपलब्धता र राजस्व संकलन तालिका

| क्र.स. | नदीको उत्खनन् क्षेत्र | वडा नं | उत्खनन् योग्य छ/छैन? | उत्खनन् दुरी (किनारको दुरी) मी | वार्षिक उत्खनन् योग्य परिमाण (घ.मि.) | दैनिक उत्खनन् गर्न मिल्ने परिमाण (घन.मि.) | वार्षिक सिफारिस परिमाण (घन.फुट.) | वार्षिक राजश्व संकलन(गण्डकी प्रदेश आर्थिक ऐन ०८२/८३) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ओडारे मुनि बगर | ४ | छ | १० | ४३२५.४९ | १६.०२ | १५२७५३.३८ | १०६९२७३.६७ | |
| २ | ओडारे (माले बगर) बगर | ४ | छैन | | | | | | पक्कि पुलको मापदण्ड |
| ३ | सिम्ले बगर | ५ | छ | १० | ३२५८.९० | १२.०७ | ११५०८७.०८ | ८०५६०९.५३ | |
| ४ | सिम्ले ल्याण्डफिल बगर | ४ | छैन | | | | | | पक्कि पुलको मापदण्ड |
| ५ | भीरकोट पार्क क्षेत्र | ४ | छ | १० | १५१३.९८ | ५.६१ | ५३४६५.७५ | ३७४२६०.२५ | |
| ६ | झारखाम बगर | ५ | छ | १० | ५१६४.७४ | १९.१३ | १८२३९१.२४ | १२७६७३८.७१ | नगरपालिकाको ग्रिजि स्क्रिनिङ्ग मेसिनका लागि उपयोग हुने |
| ७ | क्यूर बगर क्षेत्र | ६ | छ | १० | ७३७७.३० | २७.३२ | २६०५२७.१४ | १८२३६८९.९५ | |
| ८ | एकुवार वगर क्षेत्र | ७ | छ | १० | १४५८.१८ | ५.४० | ५१४९५.१९ | ३६०४६६.३२ | |
| ९ | रानीरह बगर | १ | छ | १० | १९८.४० | ०.७३ | ७००६.४४ | ४९०४५.०६ | |
| १० | माथिल्लो खेलमैदान | १ | छ | १० | १२६.३२ | ०.४७ | ४४६०.९५ | ३१२२६.६७ | |
| ११ | लामाचौर झो. पु. क्षेत्र | ७ | छ | १० | ६१३.९२ | २.२७ | २१६८०.४० | १५१७६२.८० | |
| १२ | रक्सि भट्टी बगर | १ | छ | १० | १३४३.२० | ४.९७ | ४७४३४.७१ | ३३२०४२.९४ | |
| १३ | हेलू बगर | ७ | छ | १० | १२८९.२० | ४.७७ | ४५५२७.७१ | ३१८६९३.९८ | |
| | | | | | २६६६९.६३ | ९८.७८ | ९४१८२९.९८ | ६५९२८०९.८८ | |

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कार्की
नगर प्रमुख

निर्णय नं ३

निर्णय नं. ०१ बमोजिम भीरकोट नगरपालिका अन्तर्गतको आँधिखोलाका विभिन्न १३ वट घाटहरुमध्ये क्र.स. १,३,५,९,१०,११,१२ र १३ का नदी उत्खननका क्षेत्रमा रहेको नदीजन्य पदार्थहरुमध्ये अद्यावधिक IEE प्रतिवेदनका आधारमा तपसिल बमोजिमका घाटहरुमा रहेको तपसिल बमोजिमको परिणामको सार्वजनिक खरिद ऐन,२०६३ र खरिद नियमावली,२०६४ को अधिनमा रहि आय ठेक्का को प्रक्रिया अगाडि बढाउने ।

तपसिल

| क्र.स. | घाटको नाम | परिमाण | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ओडारे मुनि बगर | ४३२५.४९ | १२,०८,२७९.२५ | |
| २ | सिम्ले बगर भीरकोट पार्क क्षेत्र | ४७७२.९ | १३,३३,२५२.८५ | |
| ३ | रानिरह बगर देखि हेलु बजार सम्म | ३५७१.०४ | ९,९७,५३१.७४ | निर्णय नं. १ को क्र.स.९ देखि १३ सम्मको घाटलाइ एकिकृत गरिएको |

निर्णय नं ४

यस नगरपालिका अन्तर्गतका विभिन्न स्थानहरुमा सडक निर्माण तथा निजी प्रयोजनका लागि जग्गा सम्याउने लगायतका निर्माणजन्य कार्य गर्नका लागि हेभि इक्विपमेन्ट प्रयोग गर्नुपूर्व अनिवार्य रुपमा वडा कार्यालयको सिफारिस लिनुपर्ने।

निर्णय नं ५

पर्यावरण सन्तुलन एवं वातावरणिय जैविक विविधता संरक्षणका लागि नगरपालिका अन्तर्गतको आँधिखोलामा माछाका भुराहरु छोड्ने ।

निर्णय नं ६

भीरकोट नगरपालिका वडा नं. ०६ स्थित खिलुङ्गदेउराली स्वास्थ्य भवनको पुननिर्माणको क्रममा निकालिएको १५० पाता पुराना जस्तापाता भीरकोट नगरपालिका वडा नं. ०५ को सिफारिस पत्रानुसार माग भए बमोजिम वडा नं. ०५ बाँझाबारीमा रहेको व्याडमिन्टन कोर्ट संरक्षण गर्नका लागि बाँझाबारी व्याडमिन्टन क्लबलाइ संरक्षण र उपयोग गर्नेगरी हस्तान्तरण गर्ने ।

निर्णय नं ७

GURUNG-BAJEMANDALI JV, Paiyun-2, Parbat निर्माण व्यवसायीले भीरकोट नगरपालिका वडा नं १ अन्तर्गत सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखरा कास्कीबाट बजेट विनियोजन भई कार्यान्वयनमा रहेको **The Construction of Embankment with Slope Revetment and Launching Apron at Bhirkot-02, Syangja** आयोजना निर्माणको क्रममा निस्केका ढुङ्गा उक्त आयोजना निर्माण कार्यको लागि प्रयोग गर्न पाउने भनि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, पोखरा कास्कीको च.नं. ९७, मिति ०८२/५/२२ को पत्रबाट लेखि आएकोले उक्त आयोजना निर्माणको लागि BOQ

लक्ष्मण लम्साल
प्रमुख प्रशासकीय अधिकृत

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख

अनुसार आवश्यक पर्ने २९५१.२५ घन.मी. ढुङ्गा प्रयोग गर्न पाउँ भनि निर्माण व्यवसायिले दिएको निवेदन अनुसार गण्डकी प्रदेश सरकारले चालु आ.ब. का लागि तोकेको रोयल्टी रकम नगरपालिकामा दाखिला गरी उपयोग गर्न अनुमति दिने ।

निर्णय नं ८

भीरकोट नगरपालिका अन्तर्गत ग्रिजि स्क्रिनिङ्ग मेसिनमा कार्यरत भीरकोट न.पा. ०७ निवासि कर्मचारी श्री वेल बहादुर गुरुङ्ग बिरामि भइ गण्डकी मेडिकल कलेज, पोखरामा उपचाररत रहनुभएको र निजको आर्थिक अवस्था कमजोर भइ औषधिउपचारमा कठिनाइ भएको हुँदा स्वास्थ्य उपचारको लागि संलग्न बिल बमोजिम रु २० हजार आर्थिक सहयोग गर्ने ।

प्रमाणित

२०८१/०६/१२

गोविन्द कुमार कर्माचार्य
नगर प्रमुख